नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
dlsplanningmonitoring@gmail.com

पत्र संख्या:-

चलानी नं.:-

मिति: २०८२/०२/१४

## अफ्रिकन स्वाइन फिभर रोग सम्बन्धी सूचना

अफ्रिकन स्वाइन फिभर रोग सुङ्गुर, बङ्गुर र बँदेलमा विषाणु (भाइरस) का कारण लाग्ने अति संक्रामक रोग हो। यो रोग विशेष गरी रोगी पशुसँग प्रत्यक्ष सम्पर्क, संक्रमित दानापानी तथा होटल रेष्टुरेन्टबाट फालिएका सङ्क्रमित खानेकुरा र संक्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा फैलन्छ। यो रोग लागेमा सुङ्गुर/बङ्गुरको शत प्रतिशतसम्म मृत्यु हुन सक्ने भएकोले यस रोगको शीघ्र नियन्त्रण गर्न आवश्यक छ। देशका विभिन्न स्थानमा सुङ्गुर/बङ्गुरमा अफ्रिकन स्वाइन फिभर रोग देखा पर्न थालेको हुँदा रोगको रोकथाम तथा नियन्त्रण गर्न तपशिल बमोजिमको जैविक सुरक्षाका कार्य गर्न/गराउन हुन यो सूचना सबैमा जानकारीको लागि अनुरोध गरिएको छ।

**तपशिल:**

- बङ्गुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरी चुना, ब्लिचिङ्ग पाउडर, फर्मलिन लगायतका रसायनहरु प्रयोग गरी नि:सङ्क्रमण गर्ने।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने।
- मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने।
- घरपालुवा सुङ्गुर, बङ्गुरलाई जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने।
- रोग देखा परेको क्षेत्रबाट बङ्गुर प्रजाति, त्यसका पाठापाठी, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्ने।
- बङ्गुर प्रजातिका पशु वा मासुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने।
- बङ्गुर, सुङ्गुर तथा बँदेललाई होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा नखुवाउने।
- तयारी दाना बाहेक अन्य आहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने।
- फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर नि:सङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।

पुनश्च: अफ्रिकन स्वाइन फिभर रोग विरुद्ध प्रभावकारी खोप हालसम्म उपलब्ध नभएको हुँदा माथि उल्लेखित जैविक सुरक्षाका उपायहरु अपनाउनु अनिवार्य हुन्छ।

२०८२/०२/१४

..................
डा. राम नन्दन तिवारी
महानिर्देशक